# मानेभञ्ज्याङ्ग गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## (शिक्षा, युवा तथा खेलकुद शाखा)

मानेभञ्ज्याङ्ग

स्था:-२०७४

ओखलढुङ्गा जिल्ला
प्रदेश नं. १, नेपाल


प.सं. ०७७/७८ (शिक्षा)
च.नं. १३४

मिति : २०७७/१२/२७

मानेभञ्ज्याङ्ग गाउँपालिका शिक्षा शाखा मानेभञ्ज्याङ्ग, ओखलढुंगा २०७४

श्री मानेभञ्ज्याङ्ग गाउँपालिका भित्रका सबै विद्यालयहरु,
ओखलढुङ्गा ।

विषय : वार्षिक परीक्षा सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७७ को गाउँपालिकास्तरीय आधारभूत तह (कक्षा-८) को अन्तिम परीक्षा देहाय बमोजिमको समय र तालिकाअनुसार दिनको ठिक ११:०० बजेदेखि सञ्चालन गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै एसइई बाहेक कक्षा १० सम्मका अन्य कक्षाको वार्षिक परीक्षा पनि कक्षा ८ को वार्षिक परीक्षा कार्यक्रमसँग तादम्यता हुनेगरी तपसिलको निर्देशन बमोजिम सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।
तपसिल :

शै.स. २०७७ को कक्षा ८ को वार्षिक **परीक्षा समय-तालिका परीक्षा समय :दिनको ११:०० बजेबाट**

| क्र.सं. | मिति | विषय | पूर्णाङ्क | समयावधि |
|---|---|---|---|---|
| १ | २०७८ साल जेष्ठ ३ गते सोमवार | अङग्रेजी | ७५ | २ घण्टा १५ मिनेट |
| २ | २०७८साल जेष्ठ ४ गते मङ्गलवार | नेपाली | ७५ | २ घण्टा १५ मिनेट |
| ३ | २०७८ साल जेष्ठ ५ गते बुधवार | गणित | १०० | ३ घण्टा |
| ४ | २०७८ साल जेष्ठ ६ गते बिहीवार | विज्ञान तथा वातावरण | ७५ | २ घण्टा १५ मिनेट |
| ५ | २०७८ साल जेष्ठ ७ गते शुक्रवार | सामाजिक अध्ययन र जनसङख्या शिक्षा | ७५ | २ घण्टा १५ मिनेट |
| ६ | २०७८ साल जेष्ठ ९ गते आइतवार | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३० | १ घण्टा |
| | | नैतिक शिक्षा | २५ | ४५ मिनेट |
| ७ | २०७८ साल जेष्ठ १० गते सोमवार | पेशा, व्यवसाय र प्रविधि शिक्षा | ५० | १ घण्टा ३० मिनेट |
| ८ | २०७८ साल जेष्ठ ११ गते मङ्गलवार | कम्प्युटर शिक्षा | ५० | १ घण्टा ३० मिनेट |

- ✓ कुनै दिन सार्वजनिक विदा पर्न गएमा पनि पूर्व जानकारी बिना परीक्षा स्थगित हुनेछैन ।
- ✓ सम्वन्धित विद्यालयलाई परीक्षा केन्द्र र प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको छ ।

२०७७/१२/२७

फणीन्द्र बहादुर कटवाल
शाखा अधिकृत

# मानेभञ्ज्याङ्ग गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## (शिक्षा, युवा तथा खेलकुद शाखा)

मानेभञ्ज्याङ्ग

स्था:-२०७४

ओखलढुङ्गा जिल्ला
प्रदेश नं. १, नेपाल

प.सं. ०७७/७८ (शिक्षा)
च.नं. १३४

मिति : २०७७/१२/२७

- ✓ शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षामा सहभागी हुने कक्षा ८ का विद्यार्थीहरूको विवरण जन्मदर्ता प्रमाण पत्रका आधारमा School Level EMIS मा अद्यावधिक गर्ने
- ✓ २०७८ साल जेष्ठ २ गतेका दिन गाउँपालिकाको शिक्षा शाखाबाट विद्यालयको आधिकारिक व्यक्तिले कक्षा ८ को प्रश्नपत्र लगायत परीक्षा सम्वन्धी कागजातहरु बुझेर लैजाने र अन्य कक्षाको हकमा विद्यालय आफैले पाठ्यक्रमले निर्दिष्ट गरेअनुसारको मूल्याङ्कनका साधनहरूको उपयोग गरी विद्यार्थी सिकाइ उपलब्धिको मूल्यांकन गर्ने व्यवस्था मिलाउने
- ✓ कक्षा ८ बाहेक अन्य कक्षा ( कक्षा १ देखि ९ सम्मको) को परीक्षाको विषयगत रुटिन कक्षा ८ को समय-तालिका सँग तालमेल हुने गरी विद्यालयले तय गर्नुपर्ने
- ✓ IEMIS बाट कक्षा ८ को परीक्षा सम्वन्धी Template download गरी उक्त Template मा विद्यार्थीको प्राप्तांक Entry गरेर सफ्टकपीका साथै शाखाले उपलब्ध गराएको मार्कलेजरमा विद्यार्थीको प्राप्ताङ्क भरेर हार्डकपी समेत प्रमाणित गरी विद्यालयले शिक्षा शाखामा पेस गर्ने
- ✓ विद्यालयहरूले २०७८ साल जेष्ठ २० गते सम्म परीक्षा सम्वन्धी काम सम्पन्न गरी २१ गते भित्र शिक्षा शाखाबाट नतिजा प्रमाणीकरण गर्ने र सबै विद्यालयहरुले जेष्ठ २३ गते नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने
- ✓ उपर्युक्त कार्यहरू सम्पन्न गर्दा जनस्वास्थ्यका मापदण्डहरूको पूर्ण रूपमा पालना गर्ने गराउने ।

थप जानकारीको लागि : ९८४११११४८२३

२०७७/१२/२७
फणिन्द्र बहादुर कटवाल
शाखा अधिकृत

**बोधार्थ :**

**श्री सूचना तथा प्रविधि शाखा** : यो सूचना वेभसाइटमा अपलोड गर्नुहुन ।

web:manebhanjyangmun.gov.np, email:- ito.manebhanjyangmun@gmail.com,
phone:-037-410065/ 67